# मेगा प्रेस रिलिज

## *मेगा बैंक र भारतको एस बैंक बीच रेमिट सम्झौता*

भारतमा कार्यरत नेपालीहरुलाई सहज रुपमा रेमिट्यान्स पठाउन मेगा बैंक नेपाल लिमिटेडले भारतको एस बैंकसँग रेमिट्यान्स कारोवार गर्ने सम्झौता सम्पन्न गरेको छ ।

उक्त सम्झौता पत्रमा मेगाबैंकका चिफ बिजनेश अफिसर श्री रबिना देशराज श्रेष्ठ, एस बैंक भारतका ग्रुप प्रेसिडेन्ट श्री अरुण अग्रवाल तथा सिनियर प्रेसिडेन्ट श्री ऋतेशपाईले हस्ताक्षर गर्नुभयो।

हाल नेपालीहरुको बाक्लो उपस्थिती रहेको भारतमा यस रेमिट्यान्स सेवाबाट आफूले आर्जन गरेको रकम पठाउन छिटो र सरल हुनेछ ।

“***हलो देखि हाइड्रो*** सम्मको नारा सहित आर्थिक समावेशिताको बैंकको सिद्धान्तलाई सार्थक गर्न एस बैंकसंगको सम्झौताले थप बल पुऱ्याउने छ । मेगा बैंकका देशभरी रहेका ३० शाखा कार्यालय, ५३ शाखारहित बैंकिङ सेवा र १३५० भन्दा बढी रेमिट्यान्स एजेन्टहरु मार्फत यो सेवा शहर देखि ग्रामीण भेगका जनताले सजिलै पाउन सक्नेछन् । साथै बैंकका थप सेवा तथा सुविधाहरुबाट लाभान्वित परिवारहरु अझ आत्मनिर्भर हुनेछन् भन्ने विश्वास हामीले लिएका छौं।” बैंकका चिफ बिजनेश अफिसर श्री रबिना देशराज श्रेष्ठले भन्नुभयो ।

उक्त सम्झौता अनुसार भारतमा स्थित एस बैंकको ११,००० वटा एस मनि सर्भिसका एजेन्टहरुबाट सिधै रेमिट्यान्स पठाउन सकिने छ र पठाएको रकम मेगा बैंकको कुनैपनि शाखा कार्यालय वा देश भरि रहेका कुनैपनि एजेन्टवाट भुक्तानी लिन सकिने छ ।

मेगा बैंकले आफ्नो स्थापनाकाल देखिनै कतार, यु.ए.ई., बहराइन, मलेसिया, जापान, अष्ट्रेलिया लगायत विश्वका विभिन्न मुलुकहरुको बैंक र एक्स्चेन्ज हाउसहरुसंगको सहकार्यमा रेमिट्यान्स कारोवारलाई विशेष प्राथमिकतामा राखी सेवा प्रदान गर्दै आईरहेको छ ।